नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #३९०

२ साउन २०७८

# दैनिक विपद् बुलेटिन

१ साउन विहान १०:०० बजेदेखि २ साउन विहान १०:०० बजेसम्म

| घटना संख्या | मृत्यु संख्या | हराएको | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ९ | २ | ० | ३ | रु. १२,१५,००० | ० | २ |

## घट्ना सारांश

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| **पहिरो** | **पाल्पा** | नाउँ गाउपलिका-६ डुम्रे स्थित भित्री सडक खण्डमा डुम्रेबाट होलीघाट तर्फ ढुङ्गा लोड गरी जादै गरेको ट्याक्टर हिलोमा भासिई JCB ल्याई ट्याक्टर निकाल्ने क्रममा अचानक माथिबाट **पहिरो** झरी JCB र ट्याक्टरका **दुबै चालक घाईते** भएकोमा वर्ष २७ का **एकजनाको उपचारको** क्रममा **मृत्यु**। | १ | ० | १ | घाईतेलाई उपचारको लागि लुम्बिनी मेडिकल कलेज पाल्पा पठाईएको, प्र.चौ.प्रभासबाट प्र.ना.नि.को टोली खटिई गएको। |
| **चटयाङ्ग** | **कैलाली** | धनगढी उ.म.न.पा.- १९ खेदागाँउ बस्ने वर्ष ५५ की **एक महिला**लाई खेतबाट घर तर्फ जाने क्रममा **चटयाङ्ग** लागि **घाईते** । | १ | ० | ० | घाईतेलाई थप उपचारको लागि सेती प्रादेशिक अस्पताल धनगढी पठाएको । |
| **अविरल वर्षा** | सुर्खेत | सिम्ता गा.पा.- ९ खान्मा स्थित एक घर **अबिरल बर्षातका कारण** भत्किदा वर्ष ९ को **एक बालक घाईते**। | ० | ० | १ | घाईतेलाई उपचारको लागि मेहलकुना सुर्खेत पठाईएको । |
| **जनावर आक्रमण** | चितवन | भरतपुर म.न.पा.- १३ स्थित बाटुली पोखरी सामुदायिक बनभित्रको पोष्टमा कार्यरत बनको कर्मचारी वर्ष ३७ का **एक पुरुष**लाई चितवन राष्ट्रिय निकुञ्जकै पालुवा **हात्तीले आक्रमण** गरी **घाईते** । | ० | ० | १ | ई.प्र.का. गीतानगरबाट प्र.नि.को टोली खटिई गएको। |
| | सुनसरी | कोशी गा.पा.- ४ जुद्दगंज स्थित जङ्गली हात्ती आई दुईवटा घरको टाटीबेरा भत्काई अन्नपात खाई **२ लाख रुपैंया** बराबरको क्षति। | ० | ० | ० | - |
| **आगलागी** | सिन्धुपाल्चोक | रोशी गा.पा.- १ खहरेटोल स्थित एक घरमा विद्युत सर्ट भई **आगलागी** हुँदा घर पूर्णरुपमा जली **१० लाख रुपैंया** बराबरको क्षति। | ० | ० | ० | प्र.स.नि.को टोली खटिई गएको। |
| | कपिलवस्तु | कृष्णनगर न.पा.- ७ भिल्मि स्थित एक घरमा लामखुट्टे धपाउन बालेको आगोबाट **आगलागी** हुँदा २ वटा बाखाको मृत्यु भई **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति। | ० | ० | ० | प्रचौ भिल्मी क.व.बाट प्र.स.नि.को टोली खटिई गई स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रोल्पा | रुन्टिनगढी गा.पा.- ६ होलेरी बजार स्थित एक फ्रेस हाउसमा अचानक ग्यास लिक भई **आगलागी** हुँदा २ वटा कटेरा, कस्मेटीक पसल र होटलमा समेत क्षति ।क्षतीको विवरण आउन बाँकी । | ० | ० | ० | प्र.ना.नि. को कमाण्डमा टोली खटिई गई स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण। |
| **बाढी** | नवलपरासी पूर्व | अविरल वर्षाको कारण हुप्सेकोट गा.पा.- ५ वाकखोर स्थितखानी खोलामा आएको **बाढी**ले जमिन कटान गरी बस्ती भासिदा ३ वटा घर पूर्णरुपमा क्षति, अन्य विवरण प्राप्त हुन बाँकी। | ० | ० | ० | जि.प्र.का.वाट प्र.स.नि.को कमाण्डमा १३ जना र सशस्त्र प्रहरी बलको १५ जना टोली खटिई गएको । |
| **जम्मा संख्या** | | ९ | २ | ० | ३ | |

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि**

**www.twitter.com/ndrrma_Nepal र**

**www.facebook.com/ndrrma/videos र**

**https://www.youtube.com/NDRRMA मा जानुहोला।**

| २०७८ वैशाख १ देखि साउन १ गते सम्मका विपद्का प्रमुख घट्नाहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| **घटना** | **घटना संख्या** | **मृतक** | **वेपत्ता** | **घाईते** | **प्रभावित परिवार** | **अनुमानित क्षति रु.** |
| **पहिरो** | १६८ | ३० | ७ | ४७ | १६० | ६९९१५०० |
| **बाढी** | ७५ | २७ | २८ | १९ | १३३ | ५५३४२५०० |
| **अविरल बर्षा** | १३८ | ८ | ० | १४ | १५२ | ४५८०९००० |
| **चट्याङ्ग** | १३२ | ३७ | ० | ११४ | १९१ | १५६३४८३० |
| **सर्पदंश** | ९ | ९ | ० | १ | १० | ० |
| **आगलागी** | ५०४ | ११ | ० | ८० | ६४३ | ४३५१५४८६० |
| **डढेलो** | ६२ | ३ | ० | १ | २८ | ४५०००० |
| **हावाहुरी** | ३२ | १ | १ | ४ | १०५ | ५९०४००० |
| **जनावर आक्रमण** | ६९ | १४ | ० | ४६ | ८६ | १२०४००० |
| **जम्मा** | **११८९** | **१४०** | **३६** | **३२६** | **१५०८** | **५६६४९०६९०** |

## बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज : श्रावण-०२ गते शनिबार (विहान ७ बजे देखि २४ घण्टा)

- महाकाली, कर्णाली र यिनका सहायक नदीहरु भेरी, सेती तथा नारायणी र कोशीका सहायक नदीहरु कालीगण्डकी, मर्स्याङ्दी, बुढीगण्डकी, त्रिशुली, सुनकोशी, भोटेकोशी, तामाकोशी लगायतका नदीहरुमा बहाब उल्लेख्य बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती लगायतमा बहाब सामान्य घटवढ हुने तथा सबैमा सतर्कता तह भन्दा तलै रहने, तिनाउ, पश्चिम राप्ती, बबई जलाधारका सहायक नदीहरुमा बहाव बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- रिउखोला, आरूणखोला, बाणगंगा, मानखोला, कान्द्रा, मोहना, खुट्टिया, पथारिया, स्याउली, चौधर लगायत गण्डकी प्रदेशको गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, तनहुँ, स्याङ्गजा, कास्की, म्याग्दी, पर्वत, बाग्लुङ, नवलपुर, लुम्बिनी प्रदेशको परासी, पाल्पा, गुल्मी, प्यूठान, अर्घाखाँची, रुपन्देही, कपिलबस्तु, रोल्पा, रुकुम पूर्व, दाङ, बाँके, बर्दिया, कर्णाली प्रदेशको सुर्खेत, सल्यान, जाजरकोट, दैलेख, जुम्ला, कालिकोट, डोल्पा, सुदूरपश्चिम प्रदेशको दार्चुला, बझाङ, बैतडी, डडेल्धुरा, डोटी, अछाम, कैलाली, कंचनपुर र आसपासका जिल्ला भई बहने साना नदीहरुमा बहाव बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पुर्वानुमान छ ।
- प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, संखुवासभा, ताप्लेजुङ, भोजपुर, प्रदेश २ को बारा, पर्सा, सर्लाही, महोत्तरी, सप्तरी, बागमती प्रदेशको दोलखा, रामेछाप, काठमाडौं, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, चितवन,मकवानपुर र आसपास जिल्ला भई बहने स-साना नदीहरुमा बहाव केही बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ ।

पूर्वानुमान भोलि : श्रावण-०३ गते आइतबार (विहान ७ बजे देखि २४ घण्टा)

- महाकाली, कर्णाली, कोशी र यिनका सहायक नदीहरु भेरी, सेती, सुनकोशी, भोटेकोशी, तामाकोशी लगायतका नदीहरुमा बहाब उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह पार गर्ने तथा नारायणी र कोशीका सहायक नदीहरु कालीगण्डकी, मर्स्याङ्दी, बुढीगण्डकी, त्रिशुली लगायतका नदीहरुमा जलसतह सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह पार गर्न सक्ने पूर्वानुमान छ ।
- रिउखोला, आरूणखोला, बाणगंगा, मानखोला, कान्द्रा, मोहना, खुट्टिया, पथारिया, स्याउली, चौधर लगायत लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको चुरे र तराईको भूभाग भई बहने नदीहरुमा बहाव बढ्ने र केहीमा खतरा तह आसपास पुग्न सक्ने पुर्वानुमान छ ।
- प्रदेश १, बागमती, गण्डकी प्रदेशको मध्यपहाडी, चुरे र तराई भई बहने नदीहरुमा बहाब बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ ।

पूर्वानुमान पर्सी : श्रावण-०४ गते सोमबार (विहान ७ बजे देखि २४ घण्टा)

- महाकाली, कर्णाली र यिनका सहायक नदीहरु भेरी, सेती तथा नारायणी र कोशीका सहायक नदीहरु कालीगण्डकी, मर्स्याङ्दी, बुढीगण्डकी, त्रिशुली, सुनकोशी, भोटेकोशी, तामाकोशी लगायतका नदीहरुमा बहाब बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- कन्काई, कमला लगायतमा बहाब केही बढ्ने तथा सतर्कता भन्दा तलै हुने बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई लगायतमा बहाव बढ्ने तथा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- प्रदेश १, २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईको भूभाग भई बहने नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ ।

नोटः पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।